स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कसरी चर्चामा आउनुपर्छ भन्ने कुरा प्रियंका कार्कीलाई राम्रोसँग थाहा छ। उनी अभिनेत्री तथ मोडल मात्र होइनन्, सोसल मिडियाकी चर्चित 'कन्टेन्ट क्रिएटर' पनि हुन्। उनी सोसल मिडियामा दैनिक फोटोहरू पोस्ट गरिरहेकी हुन्छिन्। घुमघाम, मोडलिङ, परिवार र अन्य कामका फोटो उनी हालिरहेकी हुन्छिन्। कहिलेकाहीँ अजीव लाग्ने फोटो पनि उनको टाइमलाइनमा देख्न सकिन्छ। कसरी मानिसको ध्यान तान्ने यो काइदा उनलाई राम्रोसँग थाहा छ।

**आजको विचार...**



सुदर्शन अधिकारी

ताजा... (दुई पेजमा)

गायिका मिना राई र गायक निर्वाण निश्चल राईको स्वर रहेको गीत 'मह भन्दा गुलियो' दर्शकमाझ आएको छ। डिपी खनालको शब्द, देवेन्द्र बरालको संगीत रहेको गीतमा संगीत संयोजन (एरेन्ज), मिक्सिङ र मास्टरिङ विश्व अधिकारीको छ। भिडियोमा चर्चित कलाकार हरिष निरौला 'कक्रोज' देखिएका छन्। अनिल कोयी राईको सम्पादन र पूर्वेली भाका र रमाइलो दृश्यका कारण यो भिडियोले छोटो समयमै चर्चा पाउने अपेक्षा गरिएको छ।



❐ वर्ष ३१ ❐ अंक २३७ ❐ २०८२ चैत १२ गते बिहीबार 26 March 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**सक्षिप्त समाचार**

## अर्थतन्त्रको तीव्र विस्तार विश्वमा प्रभाव बढ्दो

(रासस/सिन्ह्वा)

**चीन,** चैत ११/एशिया अझै पनि विश्व आर्थिक वृद्धिको प्रमुख चालकका रूपमा कायम रहेको एक नयाँ प्रतिवेदनले देखाएको छ । मंगलबार सार्वजनिक गरिएको प्रतिवेदन अनुसार विश्व कुल गार्हस्थ उत्पादनमा एशियाको हिस्सा निरन्तर बढिरहेको छ । 'एशियाली आर्थिक दृष्टिकोण तथा एकीकरण प्रगति वार्षिक प्रतिवेदन २०२६' अनुसार सन् २०२६ मा एशियाली अर्थतन्त्र ४.५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । विश्व अर्थतन्त्रमा एशियाको हिस्सा २०२५ को ४९.२ प्रतिशतबाट बढेर ४९.७ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ । संस्थाका महासचिव झाङ जुनले 'एशियाली शताब्दी' सुरु भइसकेको धारणा बलियो बन्दै गएको बताएका छन् । उनले चुनौतीहरू भए पनि एशियाली अर्थतन्त्र लचिलो र सकारात्मक दिशामा रहेको उल्लेख गरे । सन् २००१ मा स्थापना भएको उक्त संस्था एक गैर-सरकारी, गैर-नाफामुखी अन्तर्राष्ट्रिय संस्था हो, जसले क्षेत्रीय आर्थिक एकीकरणलाई प्रोत्साहन गर्छ । यस वर्षको सम्मेलन मार्च २४ देखि २७ सम्म हैनानमा 'साझा भविष्य निर्माण: नयाँ गतिशीलता, नयाँ अवसर, नयाँ सहकार्य' नारासहित आयोजना भइरहेको छ ।

# आज देशभर चैते दशैं मनाइदैं

*चैत शुक्ल अष्टमीका दिन देशभर चैते दशैं पर्व मनाइँदैछ। यस दिन दुर्गा भवानीको पूजा-आराधना गरी असुरमाथि दैवी शक्तिको विजय तथा असत्यमाथि सत्यको जितको प्रतीकका रूपमा मनाइन्छ ।*

**हाम्रा संवाददाता**

**पाल्पा,** चैत ११/आज चैत्र-अष्टमी अर्थात् चैते दशैं पर्व देशभर धुमधामका साथ मनाइँदै छ । हरेक वर्ष दुर्गा भवानीको पूजा आराधना गरी चैते दशैं पर्व मनाइने गरिन्छ । असुर शक्ति माथि दैवी शक्तिको विजय तथा असत्यमाथि सत्यको जितको रुपमा लिइने दशैं हिन्दूधर्मावलम्बीहरुले वर्षमा दुई पटक मनाउने गर्दछन् । असोजमा मनाइने दशैंलाई बडादशैंको रुपमा मनाइन्छ भने चैत शुक्ल अष्टमीमा चैते दशैंको रुपमा मनाइन्छ । वर्षको दुई पटक चैत र असोजमा गरिने दुर्गा पूजाको विशेष महत्व रहेको शास्त्रमा उल्लेख छ ।

चैते दशैं पर्वको अवसरमा देवीमन्दिर तथा घर-घरमा दुर्गा सप्तशती, देवी भागवत कालिकापुराण लगायत देवी महिमायुक्त ग्रन्थको वाचन गर्ने गरिन्छ । एक वर्षमा चैत र असोज महिनामा गरी दुई पटक पुज्ने दुर्गा पूजाको हिन्दु धर्म शास्त्रहरुमा विशेष महत्व रहेको उल्लेख गरिएको छ । हिन्दु धर्मालम्वीहरुले आज चैते दशै मनाएर भोलि विशेष उत्सवको साथ राम नवमी पर्व मनाउने गर्दछन् । मुख्य दशैंमा झैं चैते दशैंमा पनि दुर्गाको पुजा गरी मिष्ठान्न भोजन चढाइन्छ । देवी मन्दिरहरूमा देवी भागवत पाठ पारायण तथा कालिका पुराणका देविस्त्रोतहरु पाठ गरिन्छ । घरमा उपलब्ध खाद्यान्न परिकारहरूलाई बनाई तुल्याई खाई रमाइलो गरी चैते दशैं मनाइन्छ । सोही दिन अशोकको फूल खाने पनि गरिन्छ । फुल खादा रोगब्याधी नष्ट हुने आम विश्वास छ । छोरी चेली लगायत दिदीबहिनी अनि कर कुटुम्भहरूलाई बोलाएर खुवाउने चलन रहेको छ ।




## टिपरको ठक्करबाट वृद्धाको मृत्यु



गुल्मी, चैत ११/जिल्लामा टिपरको ठक्करबाट एक वृद्धाको मृत्यु भएको छ । मदनभण्डारी राजमार्गअन्तर्गत तम्घास-रिडी खण्डको रेसुंगा नगरपालिका-१३ मा तम्घासबाट चारपालातर्फ जाँदै गरेको लु १ क ४५४७ नम्बरको टिपरको ठक्करबाट पैदलयात्री रेसुंगा नगरपालिका-१३ की ९२ वर्षीया धनी बुढाथोको मृत्यु भएको हो । टिपरको ठक्करबाट बुढा गम्भीर घाइते भएकी थिइन् । उनलाई उपचारका लागि युनाइटेड मिसन अस्पताल पाल्पा पुऱ्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले जानकारी दिए । चालक र टिपरलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## गुल्मीका बालबालिकालाई 'स्वर्णबिन्दु प्रशान' खुवाइँदै

**रेसुङ्गा (गुल्मी),** चैत ११/गुल्मी जिल्लामा आगामी चैत १४ गतेदेखि बालबालिकालाई 'स्वर्णबिन्दु प्रशान' खुवाइने भएको छ । समग्र स्वास्थ्यमा सुधार तथा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले एक वर्षदेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई लक्षित गरेर 'स्वर्णबिन्दु प्रशान' खुवाउन लागिएको हो ।




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गुल्मीको आयोजनामा जिल्लाभर 'स्वर्णबिन्दु प्रशान' अभियान सञ्चालन हुनेछ । आयुर्वेदिक विधिबाट तयार गरिएको स्वर्णविन्दु प्राशन बालबालिकालाई खुवाइने स्वास्थ्य केन्द्रका डाक्टर अञ्जुली पौडेलले बताइन् । डाक्टर पौडेलले 'स्वर्णबिन्दु प्रशान' आयुर्वेदमा महत्वपूर्ण औषधि भएकाले नियमित सेवन गरे बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता वृद्धि हुने, स्मरण शक्ति सुदृढ हुने तथा शारीरिक र मानसिक विकासमा सहयोग पुग्ने बताइन् । आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख जीवन बस्यालले एक बालबालिकाले करिब ३० डोजसम्म स्वर्ण भष्म सेवन गर्दा अझ प्रभावकारी हुने भएकाले चिकित्सकीय सल्लाह अनुसार मात्र सेवन गराउनुपर्नेमा जोड दिए । 'स्वर्णबिन्दु प्रशान' खुवाउने अभियानलाई प्रभावकारी बनाउन जिल्लास्थित सरोकारवाला निकाय, स्वास्थ्य संस्था तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय सहभागितासहितको योजना बनाइएको केन्द्र प्रमुख बस्यालले बताए । समुदायस्तरमा जनचेतना अभिवृद्धि गर्दै कार्यक्रमलाई व्यापक बनाउने तयारी आयोजकले गरेको छ । जिल्ला समन्वय समिति गुल्मीका प्रमुख दोर्णबहादुर खत्रीले आयुर्वेदिक उपचार पद्धतिको प्रवर्द्धनका लागि अभियान महत्वपूर्ण रहेको बताए । उनले अभियानले बालबालिकाको स्वास्थ्य सुधारमा सकारात्मक योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## वैदिक परम्परा र चैते दशैँको महत्व

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो, जहाँ वैदिक परम्पराले समाजको जीवनशैली, संस्कार र आस्थामा गहिरो प्रभाव पारेको छ । यिनै परम्पराको निरन्तरता स्वरूप मनाइने पर्वहरूमध्ये चैते दशैँ विशेष महत्व राख्ने चाड हो । वर्षको दुई पटक मनाइने दशैँमध्ये असोजमा आउने बडादशैँ जति व्यापक नभए पनि चैते दशैँको धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्व उत्तिकै गहिरो छ । वैदिक परम्परामा शक्ति उपासना, प्रकृतिप्रति सम्मान र धर्म–अधर्मको द्वन्द्वमा धर्मको विजयलाई विशेष महत्व दिइन्छ । यही सन्दर्भमा देवी दुर्गाको आराधना गर्दै मनाइने दशैँ, असल शक्तिको विजयको प्रतिकका रूपमा स्थापित छ । चैते दशैँ पनि यही परम्पराको निरन्तरता हो, जहाँ देवीको पूजा गरी नकारात्मक शक्तिमाथि सकारात्मक शक्तिको विजयको कामना गरिन्छ । चैते दशैँ विशेषगरी शक्ति पीठहरूमा मनाइने गरिन्छ । यस समयमा भक्तजनहरू देवी मन्दिरहरूमा गई पूजा–अर्चना गर्ने, बलि दिने तथा व्रत बस्ने परम्परा रहिआएको छ । यो पर्वले मानिसहरूलाई आन्तरिक शुद्धता, आत्मबल र अनुशासनको सन्देश दिन्छ । वैदिक दर्शनअनुसार, बाह्य पूजा मात्र होइन, मन, वचन र कर्मको शुद्धता नै साँचो धार्मिकता हो भन्ने कुरा चैते दशैँले स्मरण गराउँछ ।

सामाजिक दृष्टिकोणबाट हेर्दा, चैते दशैँले समुदायबीच एकता, सद्भाव र सहयोगको भावना विकास गर्न मद्दत पुऱ्याउँछ । गाउँ–शहरमा रहेका मन्दिरहरूमा सामूहिक रूपमा पूजा गर्दा सामाजिक सम्बन्ध अझ बलियो बन्छ । यस्ता पर्वहरूले पुस्तान्तरणको माध्यमबाट संस्कार र परम्परा नयाँ पुस्तामा हस्तान्तरण गर्ने अवसर पनि प्रदान गर्छन् । आजको आधुनिक युगमा, परम्परागत चाडपर्वहरूलाई केवल औपचारिकता वा अन्धविश्वासका रूपमा मात्र हेर्ने प्रवृत्ति पनि बढ्दो छ । तर, वैदिक परम्परा र चाडपर्वहरूमा निहित सांस्कृतिक, नैतिक र सामाजिक सन्देशलाई बुझ्न आवश्यक छ । चैते दशैँ केवल धार्मिक कर्मकाण्ड होइन, आत्मचिन्तन, अनुशासन र सकारात्मक ऊर्जाको अभ्यास गर्ने अवसर पनि हो । यसैले, चैते दशैँलाई समयसापेक्ष ढंगले मनाउँदै यसको मौलिकता जोगाउनु हाम्रो दायित्व हो । वैदिक परम्पराको संरक्षण गर्दै आधुनिक चेतनासँग जोड्न सके मात्र यस्ता चाडपर्वहरूले समाजलाई सही दिशा दिन सक्ने छन् ।

### Opinion @ Social Network

संसारको हरेक कुनामा खुशी खोज्दा पनि
यो मनको दु:ख र पीर बुझ्ने तिमी मात्रै रहेछौ आमा ।
*(सोनम परियारको फेसबुक स्टाटसबाट www.facebook.com/Sonam.Pariyar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ताजा जनादेशको सरकार र जनअपेक्षा



**सुदर्शन अधिकारी**

> *देशमा विकासका कार्य तथा सुशासन कायम गर्न स्थिर र बलियो सरकारको खाँचो रहन्छ । आज दैनिक करिब तीन हजारका दरले वैदेशिक रोजगारीमा युवा वर्ग विदेश जान विवश रहेका छन् । त्यस समस्याको समाधान गर्न रोजगारी सिर्जना गर्दै देशको विकासको मेरुदण्डको रूपमा रहेको कृषिक्षेत्रमा आमयुवा जमातलाई आकर्षित गर्ने कार्यमा विशेष कदम चाल्नुपर्ने खाँचो छ । कृषि पेशालाई मर्यादित र आकर्षणको क्षेत्रको रूपमा विकास गर्न प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने देखिन्छ । दिनानुदिन कृषि पेशा छाडेर अन्य पेशातिर जानेहरूलाई कृषिमै भविष्य उज्ज्वल छ भन्ने वातावरणको सिर्जना गर्ने नवीन र प्रभावकारी कार्यक्रम ल्याएर त्यसको प्रभावकारी तरिकाले कार्यान्वियनमा लैजान सक्नुपर्छ । यसका लागि छिमेकी देशलगायत अन्य मित्रराष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्धको विकासमा जोड दिनुपर्नेछ ।*

विसं २०८२ साल फागुन २१ गते सम्पन्न निर्वाचनबाट रास्वपाले भारी बहुमतका साथ सरकार गठन गर्ने सु-अवसर प्राप्त गरेको छ । गत भदौमा भएको जेन-जी नामको जनविद्रोहबाट भएको परिवर्तनका कारण समयभन्दा करिब दुई वर्ष पहिला नै भएको संसद्को निर्वाचनले नयाँ दललाई आमनगरिकले विश्वास गरी सरकारमा जनअपेक्षा अनुरूप सुशासन कायम गर्दै देशमा व्याप्त बेथिति र भ्रष्टाचारको अन्त्यमात्र नभई रोजगारी सिर्जना, आर्थिक वृद्धि जस्ता व्यापक सुधारको आशाका साथ ताजा जनादेश दिएका छन् । एउटै दललाई पूर्ण बहुमत दिएर लोकतन्त्र, विकास र देशको सार्वभौमिकताप्रति जिम्मेवार बन्न खबरदारी गरेका छन् । कतिपय जानकार तथा नेताहरू यसै निर्वाचन प्रणालीबाट एउटै दलले पूर्णबहुमत ल्याउन सक्दैन भन्नेतर्क गरिरहँदा आज जुन परिणाम आएको छ त्यसले पनि जनताले चाहेमा बहुमत दिन सक्दोरहेछ भन्ने पुष्टि भएको छ । आवधिक निर्वाचन लोकतन्त्रको सुन्दरता भएकाले यसको प्रयोग गरी आमनागरिक माझ गएर दलहरूले जनमत कस्तो रहेछ र कुन दलको पक्षमा रहेछ भन्ने परीक्षण गर्ने महत्वपूर्ण अवसर पनि हो । त्यसैले जनता सार्वभौम छन् भनिन्छ । सोही कारण हाम्रो संविधानमा सार्वभौमसत्ता सम्पन्न भनेर उल्लेख गरिएको छ । यस पटकको निर्वाचनमा पुराना लोकतन्त्रका लागि लामो समय लडेका दलहरूले नराम्रो पराजयको सामना गर्नुपरेको छ । जनता नै जनार्दन भनिनुका कारण जनमतबाट कसलाई कुन स्थानमा राख्ने भन्ने निर्णय गर्छन् आफ्नो अमूल्य मतमार्फत । जनपक्षीय कार्य गर्न नसक्दा मतमार्फत सत्ताबाहिर बस्ने आदेश दिने शक्तिशाली जनमतको कदर गरी दलहरूले आ-आफ्नो भूमिका निर्वाह गर्ने छन् । ताजा जनादेशबाट निर्मित नयाँ सरकारले आमनागरिकले अपेक्षानुरूपका कार्य सम्पादन गर्न गम्भीर भएर काम गर्न सक्नुपर्छ । देशमा विकासका कार्य तथा सुशासन कायम गर्न स्थिर र बलियो सरकारको खाँचो रहन्छ । चुनौती पनि छ । आज दैनिक करिब तीन हजारका दरले वैदेशिक रोजगारीमा युवा वर्ग विदेश जान विवश रहेका छन् । त्यस समस्याको समाधान गर्न रोजगारी सिर्जना गर्दै देशको विकासको मेरुदण्डको रूपमा रहेको कृषिक्षेत्रमा आमयुवा जमातलाई आकर्षित गर्ने कार्यमा विशेष कदम चाल्नुपर्ने खाँचो छ । कृषि पेशालाई मर्यादित र आकर्षणको क्षेत्रको रूपमा विकास गर्न प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने देखिन्छ । दिनानुदिन कृषि पेशा छाडेर अन्य पेशातिर जानेहरूलाई कृषिमै भविष्य उज्ज्वल छ भन्ने वातावरणको सिर्जना गर्ने नवीन र प्रभावकारी कार्यक्रम ल्याएर त्यसको प्रभावकारी तरिकाले कार्यान्वयनमा लैजान सक्नुपर्छ । हरेक देशको परराष्ट्र नीति देश, लोकतन्त्र र आनागरिकको हितका पक्षमा हुनुपर्छ । यसका लागि छिमेकी देशलगायत अन्य मित्रराष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्धको विकासमा जोड दिनुपर्नेछ । विदेश नीति सरकार फेरिँदा पनि नबदलिने र सार्वभौमिकताको जगेर्ना गर्ने प्रकारको हुनु जरुरी हुन्छ । हाम्रो अभ्यासमा भने सरकार फेरिएपछि विदेश नीतिमा परिवर्तन आउने गरेको छ । विदेश नीति सन्तुलित र देशको हितमा रहने हुनुपर्छ भन्ने विषयमा कसैको विमति नरहला । क्षणिक स्वार्थ र लाभमा सार्वभौमिकतामा आँच आउने कार्य गरिनु हुँदैन । नयाँ सरकार यस विषयमा गम्भीर हुनु जरुरी छ । आजको मूल र जटित समस्याको रूपमा सिर्जना भएको छ बेरोजगारी । यस समस्याको समाधान छिटो र जनअपेक्षा अनुसार छ- आठ महिनामै गर्न पनि सकिँदैन । यसका लागि दीर्घकालीन रणनीति निर्माण गरी क्रमिक रूपमा रोजगारी सिर्जना गर्दै स्वदेशमै युवा जनशक्ति श्रम गर्न तत्पर रहने अवस्थाको निर्माणमा जोड दिनुपर्छ । यसका लागि वार्षिक पचास हजार श्रमिकलाई मात्र रोजगारी दिनसक्ने गरी उद्योग स्थापना गर्ने दिशामा कार्य गर्नुपर्ने देखिन्छ । नयाँ उद्योग स्थापना गर्न ठूलो रकमको आवश्यकता पर्छ । त्यसैले पहिलेदेखि सञ्चालनमा रहेका र हाल रुग्ण बनेका उद्योगलाई पुन: सञ्चालनमा ल्याउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ । हेटौँडा औद्यागिक क्षेत्रमा रहेका दर्जनौं उद्यो बन्द छन् । तिनलाई फेरि सञ्चालनमा ल्याई रोजगारी सिर्जनामात्र नगरी आर्थिक विकास, उत्पादनमा वृद्धि अनि ग्राहस्थ उत्पादनमा समेत योगदान दिन सकिन्छ । यदि सरकारले साँच्चै कार्य गर्न चाहने हो भने आर्थिक स्रोतहरू पनि सहज रूपमा प्राप्त गर्न सकिने उपाय नभएका भने होइनन् । उद्योग सञ्चालनमा ल्याउन आवश्यक रकम, कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषजस्ता संस्थाबाट निश्चित समयमा न्यूनतम् ब्याजमा ऋण लिएर कार्य गर्न सकिन्छ । खाँचो छ मात्र दृढ इच्छा शक्तिको । जहाँ इच्छा त्यहाँ उपाय भनेझैं आर्थिक स्रोतहरूको व्यवस्थापनमा खासै समस्या देखिँदैन । उद्योग नै त्यस्तो महत्वको क्षेत्र हो जसले एकै पटक सयौं श्रमिकलाई रोजगारी प्रदानमात्र नगरी उत्पादनमा वृद्धि गर्छ भने व्यापारको विकास र विस्तारमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उत्पादित सामग्रीले बजार सहज रूपमा प्राप्त गर्नसक्ने अवस्था रहेको छ । दृष्टान्तका लागि कपडा उद्योगबाट उत्पादित कपडा नेपाल सरकारका सबै सरकारी कर्मचारीहरूले कार्यालय पोशाकको रूपमा लगाउनुपर्ने नीति बनाएर करिब चार लाख कर्मचारीले प्रयोग गर्ने वातावरण सिर्जना गर्न सकिन्छ । यसअन्तर्गत निजामती कर्मचारी, शिक्षक, सेना, जनपथ प्रहरी, सशस्त्र प्रहरीलगायत बैंकहरूका कर्मचारी समेट्न सके सहज रूपमा उद्योगबाट उत्पादित कपडाका लागि बजारको समस्या पर्दैन । त्यसबाहेक आमनागरिकले प्रयोग गर्दा सहज रूपमा उद्योग सञ्चालन गर्न सकिन्छ । यस्ता सवालमा विगतका सरकारको ध्यान जान सकेन । नयाँ सरकारले बढ्दो बेरोजगारी समस्याको समाधानका लागि यस्ता कदममार्फत उपलब्धि प्राप्त गर्नसक्ने उच्च सम्भावना देखिन्छ । अर्को रोजगारी सिर्जना गर्न सकिने ज्यादा सम्भावना रहेको क्षेत्र पर्यटन हो । यस क्षेत्रमा व्यवस्थित रूपमा पर्यटक आकर्षित गर्ने प्रभावकारी उपायको अवलम्बन गर्न सिकन्छ । हाम्रा सयौंका संख्यामा रहेका पर्यटकीयस्थलमा थप सेवा तथा सुविधाको विस्तर गरी पर्यटकलाई सुरक्षाको प्रत्याभूति दिलाउने कार्यमा जोड दिनुपर्छ । नयाँ पर्यटकीय स्थलको खोजी गरी त्यस्ता स्थललाई व्यवस्थित र आकर्षक बनाई अझ ज्यादा पर्यटकलाई नेपाल भ्रमण गर्न प्रेरित गर्न सकिन्छ । यसबाट विदेशी मुद्राको आर्जनमात्र नभई रोजगारी सिर्जना तथा उत्पदनमा समेत सकारात्मक परिणाम देखिन्छ । नवगठित सरकारले देशमा व्याप्त र जटिल समस्याको रूपमा देखापरेको सन्दर्भमा यसलाई केही मात्रामा भए पनि समाधान गर्न सकिन्छ भन्ने बुझेर गम्भीरताका साथ कार्य सम्पादन गर्नेतर्फ लाग्नुपर्ने देखिन्छ । रास्वपामा करिब आधा जति सांसदहरू आफ्नो क्षेत्रमा जानकार र विज्ञता हाँसिल गरेका छन् । उनीहरूको दक्षता राष्ट्रहितमा लगाउँदै आमजनअपेक्षा पूरा गर्न विशेष पहल गरी व्यवहारमै परिणाम देखिने गरी कार्य क्षेत्रमा जानुपर्ने खाँचो छ । शिक्षा र स्वास्थ्यमा जुन बेथिति र महँगी रहेको छ खासगरी निजी क्षेत्रमा भएको उच्चमूल्यलाई राज्यले केही पहलकदमी गर्दै आमनागरिकलाई राहतको अनुभूति गराउने कार्यमा जोड दिनुपर्छ । शिक्षा र स्वस्थ्य नै त्यस्तो महत्वका क्षेत्र हुन् जसले बहुआयामिक प्रभाव पारेको हुन्छ । निम्नमध्यम वर्गका लागि हालको शिक्षा र स्थास्थ्य ज्यादै खर्चिलो रहेको वास्तविकता मनन् गरी सर्वसुलभ रूपमा शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्न सकिने अवस्थाको सिर्जनामा जोड दिनुपर्छ । त्यसोगरी नागरिकमा करको भारी पार्ने कार्य भइरहेकोमा त्यसलाई सुधार गरी करको दायरा वृद्धि गरी करका दरमा सरलता ल्याउनुपर्ने देखिन्छ । स्थानीय तहले कर लिने अनि संघीय सरकारले पनि फेरि कर असुल्ने गर्दा नागरिकमा सरकार र कर प्रणालीप्रति नकारात्मक धारणाको विकास भएको छ । यस समस्थाको समाधन गर्न करप्रणाली व्यावहारिक बनाउने दिशामा ध्यान दिनु जरुरी छ । आमनागरिकलाई सहज हुने विषयमा विपक्षीहरूले पनि सहयोग गर्ने भएकाले यसप्रति ज्यादै संवेदनशील भई कार्यसम्पदनमा लाग्नुपर्ने खाँचो छ । नवगठित सरकारले माथि उल्लेख गरिएका विषयमा नतिजा देखिने गरी कार्यरम्भ गर्न विलम्ब गर्नु हुँदैन ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ काम सुरु गर्ने उत्साह आउनेछ। करियरमा प्रगतिको संकेत देखिन्छ। | **तुला** : खर्चमा नियन्त्रण गर्नुहोस्। स्वास्थ्यको दृष्टिकोणले दिन सामान्य रहनेछ। |
| **वृष** : अनावश्यक खर्चबाट जोगिनुहोस्। साथीभाइसँगको सम्बन्ध मधुर हुनेछ। | **वृश्चिक** : दाम्पत्य जीवन सुमधुर रहनेछ। खुसी र सामञ्जस्य कायम रहनेछ। |
| **मिथुन** : योजनाहरु बनाउन र कार्यान्वयन गर्न अनुकूल समयको प्रतिक्षा गर्नुहोस्। | **धनु** : ध्यान केन्द्रित गर्दा राम्रो परिणाम मिल्नेछ। आर्थिक रुपमा सुधार हुने सक्छ। |
| **कर्कट** : दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ।कलामा निखार आउनेछ। | **मकर** : व्यक्तिहरूसँग मित्रता बढ्नेछ। सामाजिक काम गर्ने अवसर प्राप्त हुनेछ। |
| **सिंह** : मेहनतले सम्मान र स्थान दुवै दिलाउनेछ।सफलताले थप हौसला जाग्नेछ। | **कुम्भ** :असमझदारी बढ्ने सम्भावना छ। अवसरवादीहरूबाट सजग रहनुहोला। |
| **कन्या** : व्यक्तिहरूसँग सकारात्मक सम्बन्ध रहनेछ जसले कामलाई सहज बनाउनेछ। | **मीन** : आँटिको काम सजिलै सम्पादन गर्न सकिनेछ। योजनाहरू पूरा हुने छन्। |




निबन्ध ● नम्रता गुरागाई

# बचरा गुँडबाट उडेपछि.....

मामु मलाइ त्यो टमस ट्रेन किन्दिनु न, हुन्छ ? किन्दिन्छु तर मसंगै बस् ल ! पहिलोदिन प्रीस्कूल गएको मेरो छोरोलाई के भनेकी मात्र थिएं , "अनि थुरो मान्छे हुनु पर्दैन त स्कूल गएर ?" भन्दै उत्तिखेरै नाजवाफ बनाएको थियो मलाइ। सायद सबै आमाले भन्ने एउटै कुरा "पढेपछि मात्र ठूलो मान्छे भइन्छ, एकछिन पढन आउ ल !" मैलेपनि उसलाइ भनेकि थिएं होला पढन बसाउने क्रममा । त्यो दिन चाहिं स्कूल कत्तिको मन परायो भनेर उसलाई जांचेकी मात्र थिएं । प्रसंग त्यही थुरो हुने मान्छेको । उपनि हाइस्कूल सकेर कलेजका लागि घरबाट हिंडेपछि कहां शुन्य भएन होला र ! न भान्साकोठा, न सुत्नेकोठा, न खेल्ने ठाउं न त हिडने बाटो नै। हिजोसम्म कति कराएका ! एकछिन त शान्तले बस न ! भन्ने घर एकाएक खालीखाली लाग्यो । सांच्चै छोराछोरीको नभएको घरको शुन्यताको मापन गर्ने डिग्री कस्तो होला हं ? दुइवर्ष अघि छोरी जांदा कतिदिनसम्म खाना घांटीमै अडिकिरहयो, हांसो मुखैमा अडिकिरहयो, बास्तबमा मेरा दैनिकी नै अडिकिरहे धेरैदिनसम्म। भाइ उभन्दा २ वर्षमात्र कान्छो भएकाले दुइ वर्षपछि फेरी यो दिन आउंछ भन्ने थाहा थियो तर आएको दिन फेरी उस्तै घरपनि खाली,मनपनि खाली भयो । मेरो काख खाली भयो । समग्रमा मेरो मनको सानो संसार नै खाली भयो । काखको बच्चा कतै छोडेको छ, लिन जानुपर्छ भनौ भने १८ वर्ष पुगेको छोरालाई उसको कलेजमा पुर्याएर फर्केको धेरै भएको छैन, होइन भनौ भने मनमा चैनपनि छैन । घर रित्तो भनौ भने छोरो बाहेक अरु सबै छन घरमा तर आंखा जुधाएर कसैसंग बोल्न सकेकीपनि छैन ।

अघिपछि ख्यालठट्टा गर्ने हामी आमाछोरीपनि एकाएक रोकियौ। मेरो चिन्ता केही कम हुन्छ कि भनेर होला सायद उसले "आज हामी संगैं सुतौ अनि भोली उठेर संगै पार्क जाने है मामु" ? भनी । उठन सक्छौ र? आजकै दिन त हो लामोसम्म सुत्न पाउने ! भोली त तिमी नि जानुपर्छ । पर्दैन तिमी सुत, म छिटै गएर आउंछु भने मैले, तर उसले मानिन । भोली बिहान संगै पार्क जाने सर्तमा आमाछोरी सुत्यौं । संगै सुत्यौं मात्र, गफ गरेनौं। छोरी गफ गर्न मलाइ कोट्याइरहेकी थिइ तर म बोल्न सकिरहेकी थिइन। नबोल्दा नबोल्दै संझनामा आएका उनिहरुका बालसुलभ दिनहरु ममा सिनेमाको रिलजस्तै घुम्न थाले । मसंग बोल्न खोज्दाखोज्दै विचरा उ भुसुक्कै भइछे । ममा भने उनिहरुका अबोधपनाहरु एकएक गरेर आंखा अगाडि नाच्न थाले । बितेका दिनहरु संझदासंझदै खै कतिखेर म निदाएं, थाहै पाइन । भोलिपल्ट बिहानै आंखा खुले । छोरी निदाइरहेकी थिइ । म सरक्क उठें । केही वर्ष अगाडि नै घरका सबैजना दिनभरी बाहिर हुनाले को कहां छ भनेर हेर्न आ-आफनो फोनमा ३६० एप्लिकेसन डाउनलोड गरेका थियौं । फोन टिपेर त्यही एप्लिकेसन हेरें। छोरो जहां छोडेर आएकी थिएं हिजो त्यहि बिल्डिङमा रहेछ । ओछयान सजिले भएछ क्यारे, सुतेछ मेरो बच्चा..... मनले भन्यो । एक्लै मुसुक्क हांसें र चित्त बुझाएं । मन ढुक्क भएपछि पार्क जानलाई ठीकाठाक परें । आफू तयार भएपछि छोरीलाई उठाएं । हामी तुरुन्तै निस्कियौं । बाटाभरी गफ नआएकाले छोरी बेलाबेलै बोल्नलाई कर लाइरहन्थी । म हुन्छ भन्थें तर के बोल्ने शुरु गर्नै आएन, मात्र शुनसान म हिंडिरहें। म नबोलेकाले अर्को हप्ता त भाइ आइहाल्छ नि मामु ! किन यस्तो पीर गरेको ? उसले हाइस्कूल नै नसकि म घरै बस्छु, पढदिन भन्या भए के गर्नु हुन्थ्यो ? भन्दै मेरी बालख छोरीले मलाई संझाइ । मेरो सानो बच्चाले संझाउनु परेकोमा मलाइ कताकता असजिलोपनि लाग्यो तर छोराछोरीका अगाडि सधै उस्तै बलियो कहां हुंदीरहिछ र आमा ! पार्कबाट फर्केपछि छोरीलाईपनि कलेजमा पुरयाउनु थियो । चांढै खाना बनाएं । साथीहरुसंग मिलेर अपार्टमेण्टमा बस्ने, आफै पकाएर खाने भनेकीले खाना बनाउंदै उसको भान्सालाई चाहिने कुरा ठीक पारिदिदै गएं । खानेकुरा पाकिसकेपछि खाना पस्किएं, मुखमा हालेंपनि तर घांटीबाट तल जान पटक्कै मानेन । हिजो छोरालाई आफू बसेको राज्यको पश्चिमतिर छोडेर आएकीले मेरा आंखापनि पश्चिमतिरै उचालिएछन । नराम्रोसंग बर्सिए आंखा। सम्झनाको भेल बाढी मनका गह्वागह्वामा पस्यो, केहीबेरसम्म रोक्नै सकिन आफूलाई । एकछिनपछि तैंले गर्दा सबैको भोक चौपट पारिस। पढन गएको हो तेरो छोरो आइहाल्छ नि भोली! अब यसो नगर ! भनेर मेरो भित्रि मनले सम्झायो र थोरै निलें । चांढै धन्दा सकेर छोरीलाई पुर्याउन निस्कें । बाटाभरी गफ गरिएन मात्र आफैले हांकेको गाडीको आवाज सुन्दै बाटो काटिरहें । हामी चांडै नै अपार्टमेण्टमा पुग्यौं । लगेका सामान सबै उसका भान्सामा राखिदिएर फर्किएं । छोरीलाइपनि छोडेर आएपछि त काहि नभएको शून्यता छायो । घर आउनै मन लागेन तर कहां जाने र ? मलिन अनुहार लिएर घरभित्र छिरें। बुढाबुढीको दोहोरो गफपनि भएन। भोलीपल्ट अफिस जानु छ, आंखा पटक्कै जोडिएनन, तैपनि निदाउन कोशिस गरें। खानेबेलामा धेरै दिन आंखा र मन उतै छोराछोरी भएतिरै पुगिरहे । अफिसमा हुंदापनि हरेक कामपछिका ब्रेकमा मन घरी छोरी भएतिर उडयो, घरी छोरो भएतिर । यस्तै मन उडने क्रममा फेरी एकपल्ट मेरो पहिलोपल्ट कलेज जानेबेलामा उडेर पुग्यो । म काठमाडौमा दिदीसंग बसेर आइ. ए. पहिलो वर्ष पढन जानकालागि ठिकठाक पर्दै गर्दा आमाले 'नजान नानी, यतै धरान, विराटनगरमा पढ, तंपनि गए अब घरमा कोहीपनि हुदैन' भनेको कुरा सम्झिएं । आमाको मन कस्तो भएको थियो होला त्यतिबेला, अहिले बल्ल थाहा पाउंदैछु । नपरी कहां चेतिने रहेछ र ! त्यो बेला म पनि त १६ वर्षे अल्लारे उमेरकी मान्छे, आमाको चिन्ता बुझने नै कहां भइसकेकी थिएं होला र ! छोराछोरीको उमेर संझदा म आफनै अतितमा हराएंछु एकछिन । सन्तानले घर छोडेपछि आफूमा भएको जांगरपनि उनिहरुसंगै जानेरहेछ कि क्या हो केही गर्न मन लाग्दैन त । बिशेष गरेर आमालाई यो खान्छु र त्यो खान्छु भन्ने सानोमान्छे घरमा नहुंदा केही बनाउन जांगर नचल्ने, बनाएपनि खान मन नलाग्ने अथवा केटाकेटी छैनन भनेर मन त्यसै मार्ने काम धेरै भए मेरा । अझै भइरहेका छन । आफनो खाना खाने बेलामा के खाए, मिठो भयो कि भएन भन्ने लागिरहन्छ । अरु आमाका त छोराछोरी नै बाहिर नगएजस्तो लाग्छ। गनगन गरिरहन मन लाग्छ, हैन के भाको ? कहिलेसम्म मैले यस्तो गर्ने, म अब परिवर्तन हुनुपर्छ भन्छ एउटा मनले तर अर्को मनले दिदैन। उनिहरु गएको २ महिनापछिदेखि चाहिं छोरोछोरीलाई आफनो वेगमा उडन नदिए भोली उनिहरु कसरी बलिया होलान र ! मैले यो के गरिरहेछु, आफूलाई परिवर्तन गर्नुपर्छ अब भनेर बिस्तारै अलिक फरक हुन थालें । उनिहरुलाई धर्तीमा ल्याउनु अघिको मेरो जीवन र समयलाई सम्झिन थालें । खाइराखेको जागिर राजिनामा दिएर केही वर्षदेखि हाम्रो एक्लाएक्लै बांचेको समयको मिलन गराउन मैले घर छोडेको सम्झिएं । मायांको एउटा प्यासीले घर छोडेपछि अरु धेरै मायांहरु छोडेको सम्झिएं, जुन आफन्तको मायां, गाउंघरको मायां, समाजको मायां, समग्रमा सिंगो देशको मायां भएर बेलाबेलै दुख्न थालेको संझिएं । त्यो दुखाइलाई कम गर्न मैले आफैले केही गर्नुपर्छ भनेर आफू घोटिएको कुरा संझिएं र चित्त बुझाउन थालें । विगत सम्झने क्रममा म आमा भएको संझिएं । कहिल्यै नसम्हालेका जिम्मेबारी आएका थिए ममाथि, जुन गर्दिन भनेर पन्छिन मिल्दैनथे। अघिसम्म देखेका सपनाहरुका विपना अर्कै अर्कै भएर आए । मेरो ब्यस्तताको घडी भित्ते घडी अनुसार चल्न छोडयो । ओ..हो.. सपना देख्नु र विपना भोग्नुमा कति धेरै अन्तर हुनेरहेछ हगी ! ति दिनका ब्यस्तताहरुले रमाउन सिकाए मलाइ । मेरो जीवनको अर्को पाटोको सिकाइले सिसु कक्षाबाट विश्वविद्यालयसम्मै पुर्यायो मलाइ । आफनै मेहनतले भाग्य कोर्दै आएकी मलाइ अब आफूभन्दा सानाको हातमा भाग्य कोर्न सिकाउनु लर्तरो कुरा कहां थियो र ! तर जानेर या नजानेर अलिअलि कोर्न सिकाएं । सानाहरुले प्राइमेरी स्कूलका प्रविधिका कुरा गर्दा, प्रोजेक्टका कुरा गर्दा शुरुशुरुमा त झस्किन्थें, जुन कुरा मैले विश्वविद्यालयमा पुगेपछिमात्र थाहा पाएकी थिएं । समस्याको जरासम्म पुगेर बुझनकालागि म पनि उनिहरुले गरेका प्रोजेक्टहरु हेर्थे । उनिहरुलाई सिकाउने र आफूले उनिहरुबाट सिक्ने क्रममा मैले १७ वर्षसम्म पढेर पाएको प्रमाणपत्रहरु नहेरी बस्नपनि कहां सक्थें र ! ढुसी परेकी भनेर फुर्सदमा तिनलाई खोलेर हेर्थे र उसैगरी पट्याएर राख्थें । अर्कै ठाउं, रहनसहन र बुझाइको आपट्टेको जंगल मैले पढेर आर्जन गरेको ज्ञानभन्दा फरक थियो तर हार मानिन । छोराछोरीसंगै मपनि पढदै गएं, बढदै गएं । उनिहरुपनि कक्षा चढदै गए ।

साथिभाइका छोराछोरीले विद्यालयको पढाइ सकेर बिश्व विद्यालयका लागि घर छोडे रे भन्दा यिनिहरुले पनि मेरो गुड एकदिन छोडछन भन्ने त थाहा थियो तर थाहा हुनु र सांच्चै छोडेको दिनको सामना गर्नु बिल्कुलै फरक कुरा रहेछन । बिस्तारै आफूले आफैलाई सम्झाउदै गए । छोराछोरी हाइ स्कूल जान थालेदेखि सबेरै उठन परेकोले उनिहरु घरबाट हिंडेपछि अफिसको काम बाहेक कि त लेखपढ गर्थे कि त पार्कतिर जान्थें, त्योपनि मुड चलेमा । नर्थ क्यारोलाइनामा आधावर्ष त चिसो नै हुन्छ तर आधावर्ष भने सिजनमा तरकारी रोप्न, फूल रोप्न असाध्य मन पर्छ मलाइ, फुर्सदमा केही समय त्यो कामपनि गर्छु। जति फलोस, फुलोस आफूले गरेको मेहनत त्यहां देख्दा आनन्द लाग्छ । छोराछोरीको शुन्यता मेटाउन उनिहरुका कोठामा छिर्छु, नमिलेका कुरा मिलाइदिन्छु । छोराछोरी घर आउने हप्ता मेरा दिनहरु छिटोछिटो गएजस्तो लाग्छन । चरी आमाले आफना छोराछोरीका लागि खानेकुरा खोजेर ल्याएजस्तै मपनि उनिहरुलाई मनपर्ने खानेकुराको जोहो गर्छु। उनिहरु फर्केपछि फेरी आफना दैनिकीहरुमा लाग्छु । आफूलाइ ब्यस्त नै राखेर उनिहरु आउने बाटामा आंखा ओछ्याएर बस्छु फेरी अर्को दुइहप्तापछिका रमाइला दिनका लागि ।

*-समकालीन साहित्य डटकम*

क्लासिक कथा ● देवकुमारी थापा

# मोती हुन नसकेको आँसु

"आमा, हजूरले लाएको मालाका सेता गेडाहरू रूखमा फल्दछन् ?" - भुन्टे प्रश्न गर्छ । उनी हाँस्तै जवाफ दिन्छिन्- "धत् ! रूखमा फल्दैन, माछाको भुँडीमा फल्छन् ।" "माछाको भुँडीमा !" छक्क पर्छ भुन्टे, अनि उनको जवाफलाई प्रश्न बनाएर सोच्छ । यस्तै छ यो भुन्टे ! पहाडबाट शहर पसेको तीन महीना भइसक्यो, अझ शहरिया हुन सकेको छैन । जे देख्यो त्यसको विषयमा सोध्छ, जानी सकेर झन् छक्क पर्छ । पाठशालाको छात्रलाई पढाए जस्तो उनी त्यसलाई बुझाइदिन्छिन्, "समद्रमा कत्ला नभएको सीपी भन्ने माछा हुन्छ, चिप्ले कीरा जस्तै । त्यसले आहारसँग बालुवाका खस्रा कनिकाहरू निल्छ । त्यसको थलथले भुँडीमा पानीसँग निलेको बालुवाले घोच्न थालेपछि आँसु जस्तो सेतो पदार्थ निकाल्छ । धेरै दिनपछि उसको भुँडीमा जमेको यो सेतो पानी मोती हुन्छ । कहिलेकाहीं सीपी माछाले आहारसँग जुका जस्तो कीरा निल्छ । कीरा भुँडीभित्र पसेपछि खोस्रिन थाल्छ अनि सीपीले पानी निकाल्छ । यस्तो पानी जुकाको वरिपरि घेरो लाग्छ, जुका भुँडीमा नै मर्छ । सीपीको पानी चाहिँ जमेर मोती हुन्छ । यस्तो मोती सकली हुन्छ, धेरै दाम हालेर किन्नु पर्छ ।" अलि घिनाए जस्तो गरेर भुन्टे भन्छ, "उसो भए हजूरले लाएको माला जुकाको चिहान हो ? माछाको आँसु हो ? !" उनी झस्किन्छिन् ! यो अबोध नोकरले आज उनको पाप्रा बसिसकेको घाउलाई कोट्याइदियो ! हो त, उनले लाएको बहुमूल्य मोतीको माला पनि त कसैको चिहान जस्तै भइसक्यो । माला मात्र किन....? उनी आफै पनि त चिहानै भइसकिन्, आफ्ना कोमल सपनाहरू साकार हुन नसकेर जमेको चिहान । भावना र मगज नभएको जाबो सीपी रोइदिँदा बहुमूल्य मोती जन्मन्छ, तर भावना र बुद्धि भएको मान्छेको आँसु त्यसै खेर जान्छ । एउटा कीराको पानी जति पनि छैन उसको आँसुको दाम ! धिक्कार होस् मान्छेको जुनी ! धेरै दिन अघि मोती किन्न जाँदा उनीसित परिचित सुन्दर युवा काश्मिरी पसलेले भनेथ्यो, "तपाईं सधैँ मोती मात्र किन्नु हुन्छ, मोती त आँसुको प्रतीक मानिन्छ है !" उनो फिस्स हाँसिथिन् । कस्तो हुस्सु पसले, पसलमा आएको ग्राहकलाई पनि रित्तै फर्काउन खोज्ने ! के पसलेले समेत दया गर्न थाल्यो त उनलाई ? त्यति लुब्धो भइसक्यो त उनको व्यक्तित्व ? मोती पनि उनले थोरै थुपारेकी छन् र ! सकली मोती, सीड पर्ल, कलचर्ड पल, कति हो कति ! आज यतिका वर्षपछि यो बालक नोकरले नजानीकन उनको घाउ बेसरी कोपरिदियो । उनका निम्ति त मोती मात्र किन, जीवनको प्रत्येक क्षण आँसुको प्रतीक भइसक्यो । रुनेले रोइरहनु पर्छ भनेर जान्दाजान्दै पनि मान्छे हाँस्ने चेष्टा गर्न सक्तैन, बबुरो मान्छे, लुब्धो मान्छे ! आँसु साँचेर राख्न सक्नेले त नूनको खानी जस्तो खरो हुन सक्नु पर्छ क्या र ! भुन्टेलाई उनी सोध्छिन्, "किन आइस् हैं तँ यो मदेशको गर्मीमा ? पहाडको मकै-कोदो र मदेशको मासु-भात ! पहाडको मकै-कोदोले जित्छ नि !" भुन्टेको मुख मायालाग्दो देखिन्छ, ऊ भन्छ, "पहाडमा त नून किन्ने पैसासम्म जुट्दैन अनि मदेश नपसी कसो गर्ने त आमा ?" उनी फेरि गम्न थाल्छिन्- निरर्थक अर्को भल आँसु, भुन्टे जस्ता मदेश झर्ने असंख्य बालकहरूको आँसु, मोती हुन नपाएको आँसु । भुन्टेलाई गिज्याउँदै उनी भन्छिन्, "नून किन्ने पैसा जम्मा भएपछि नभाग्नु नि !" साँच्चिलो हुँदै भन्छ भुन्टे, "यस्तो राम्रो घर छोडेर कहाँ भाग्थें र, जान्न अब कतै !" चिल्लो घस्न सिकिसक्यो यसले पनि । उनलाई थाह छ चैत लागेपछि भुन्टे पहाड फर्किन्छ, भुन्टे पनि जान्दछ- गर्मी चढेपछि ऊ घर फर्किन्छ मदेशको कोसेली बोकेर । तैपनि मालिकनी-नोकर दुवैले नजाने कुरामा पत्यार गरेका छन् । पत्यार गर्नु हुँदैन भनेर जान्दा जान्दै पनि पत्यार गरिन्छ, ठगिन्छ, फेरि पत्यार गरिन्छ । बाँचिरहने सजिलो तरीका ! भुन्टे भन्छ, "हाम्रो पनि तीन मुरी धान हुने खेत थियो अरे तर बाबु मरेपछि रिन तिर्न नसक्दा साहूले लगिदिएछ ।" कस्तो तटस्थ भएर भन्छ भुन्टे ! उनको जमीन होइन अरू कसैको जमीन खोसिए जस्तो ! खोसिँदा-खोसिँदा, सहँदा-सहँदा बानी बसिसकेछ यति कलिलो उमेरमा नै । पौष्टिक आहारको कमीले यसको नसाको रगत पनि चिसिएर पानी भइसकेछ । कति आइन्सटाइन्, कति भिन्चो, कति शेक्सपियर, कति खुराना जन्मन्छन् होलान् हाम्रो पहाडमा तैपनि विश्व प्रसिद्ध हुनुअघि नै यिनको जोश हराउँछ-पौष्टिक आहारको कमीले, प्रतिभा मौलाउने वातावरण नपाएर, कारण कति छन् कति ! हाम्रा मुनि-हरूले भनिदिए - "भौतिक सम्पन्नता नखोज, यसले स्वर्गको ढोका थुन्छ ।" न भौतिक सम्पन्नता छ न स्वर्गको ढोका खुल्छ, दुवैतिर शून्य मात्र हात पर्छ । भुन्टेकी विधवी आमा पनि त आँसुको खोलो बगाउँछे होली । तर त्यो आँसु एउटा मान्छेको निम्ति पनि मोती हुन सक्तैन यस्ता थुप्रै आँसु बगेका छन् यो पृथ्वीमा । हिउँद बित्छ, चैतको उत्ताउलो हावा र घामले विराटनगरको वातावरणमा वसन्त होइन निठुरी गर्मीको सूचना दिन थालेपछि भुन्टे पहाड फर्किन्छ । नूनको पोको, साबुनको चक्की र यस्तै खर्त्याक खुत्रुकको पोको बोकेर ऊ उकालो चढ्छ, भौगोलिक उकालो-जीवन स्तरको उकालो चढ्ने दिन त उसको जीवनमा कहिले आउँछ-आउँदैन । जाने दिनमा उनलाई ढोगिदिँदै भुन्टे आँसु पुच्छ । उसलाई माया गर्दै उनी भन्छिन्, "अर्को साल मदेश झरिस् भने यहीं आउनु है ?" भुन्टे टाउको मात्र हल्लाउँछ बोल्न सक्तैन । यी भुन्टेहरूको आँसु जमेर मोती हुन सकेको दिन पृथ्वीका भुँडेहरूको भुँडी सेप्रिन सक्ला ? त्यति बेलासम्म यो भुन्टे पनि हुँदैन, उनी पनि हुँदिनन् । उनीहरूको आँसु खेर गएको गएकै हुन्छ । आँसु साँचेर उनी किन नूनको खानी जस्तो खरो हुन सकिरहेकी छैनन् ? मनमनै उनी आफ्नो ईश्वरसँग भन्छिन्, "अर्को जुनीमा म सीपी माछा भएर जन्मिन पाऊँ है भगवान, तपाईं चाहिँ स्वास्नी मान्छे भएर जन्मनु होला ।"

*-साहित्यपोस्ट डटकम*

*सीपीको पानी चाहिँ जमेर मोती हुन्छ । यस्तो मोती सकली हुन्छ, धेरै दाम हालेर किन्नु पर्छ ।" अलि घिनाए जस्तो गरेर भुन्टे भन्छ, "उसो भए हजूरले लाएको माला जुकाको चिहान हो ? माछाको आँसु हो ? !" उनी झस्किन्छिन् ! यो अबोध नोकरले आज उनको पाप्रा बसिसकेको घाउलाई कोट्याइदियो ! हो त, उनले लाएको बहुमूल्य मोतीको माला पनि त कसैको चिहान जस्तै भइसक्यो । माला मात्र किन....? उनी आफै पनि त चिहानै भइसकिन्, आफ्ना कोमल सपनाहरू साकार हुन नसकेर जमेको चिहान । भावना र मगज नभएको जाबो सीपी रोइदिँदा बहुमूल्य मोती जन्मन्छ, तर भावना र बुद्धि भएको मान्छेको आँसु त्यसै खेर जान्छ । एउटा कीराको पानी जति पनि छैन उसको आँसुको दाम ! धिक्कार होस् मान्छेको जुनी ! धेरै दिन अघि मोती किन्न जाँदा उनीसित परिचित सुन्दर युवा काश्मिरी पसलेले भनेथ्यो, "तपाईं सधैँ मोती मात्र किन्नु हुन्छ, मोती त आँसुको प्रतीक मानिन्छ है !" उनो फिस्स हाँसिथिन् । कस्तो हुस्सु पसले, पसलमा आएको ग्राहकलाई पनि रित्तै फर्काउन खोज्ने ! के पसलेले समेत दया गर्न थाल्यो त उनलाई ? त्यति लुब्धो भइसक्यो त उनको व्यक्तित्व ? मोती पनि उनले थोरै थुपारेकी छन् र ! सकली मोती, सीड पर्ल, कलचर्ड पल, कति हो कति ! आज यतिका वर्षपछि यो बालक नोकरले नजानीकन उनको घाउ बेसरी कोपरिदियो ।*

# मध्यपूर्व युद्ध लम्बिएमा नेपालमा पनि इन्धन संकट बढ्ने जोखिम



**काठमाडौं,** चैत ११/मध्यपूर्व युद्ध लम्बिएमा नेपालमा पनि इन्धन सङ्कट बढ्ने जोखिम बढेको छ । नेपालमा प्रयोग भइरहेको सबै पेट्रोलियम पदार्थ भारतबाट आइरहेको छ । युद्धले भारतकै आपूर्तिमा समस्या देखिएपछि त्यसको असर नेपालमा पनि पर्ने निश्चित छ ।

अहिले नै भाउ बढिसकेको छ भने आपूर्ति कम भएमा सङ्कट पनि शुरू हुन्छ । यस्तो जोखिमलाई ख्याल गरेर जोर-बिजोर प्रणाली लागू गर्ने र साप्ताहिक बिदा बढाउनुपर्नेसम्मका छलफल शुरू भएका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले बताए । आयल निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टकाअनुसार पेट्रोलियम पदार्थको खपत घटाउने उपायबारे निगमले सरकारलाई राय दिइसकेको छ । मन्त्रालयका प्रवक्ता सुवेदीकाअनुसार भारतले केही खालका इन्धन अड्कलेर दिन थालिसकेको छ र अवस्था लम्बिँदै गए खाद्यतेलसहितका उपभोग्य वस्तुमा पनि मूल्यवृद्धि हुने चिन्ता छ । सरकारले सर्वसाधारणलाई विद्युतीय चुलोको प्रयोग बढाउन अनुरोध गर्दै आएको छ भने आयल निगमले आधा सिलिन्डर ग्यास बिक्रीको व्यवस्था गरिसकेको छ । यस्तै उपभोक्ता अधिकारकर्मीहरूले पेट्रोलियम पदार्थ आयात र वितरणको पारदर्शी जानकारी नागरिकलाई दिनुपर्ने र दैनिक उपभोग्य वस्तुको प्रभावकारी अनुगमन गर्नुपर्ने बताएका छन् ।


**कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा**

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**कैलाशनगर मिडिया प्रा.लि.**
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


**खेलकुद समाचार**

## राष्ट्रिय खेलाडी साम्बाको सफल शल्यक्रिया



**काठमाडौं,** चैत ११/नेपाली राष्ट्रिय महिला टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा' को घुँडाको सफल शल्यक्रिया भएको छ । साम्बाले बुधबार बिहान सामाजिक सञ्जालमार्फत घुँडाको शल्यक्रिया सफल भएको जानकारी गराएकी हुन् । न्युजिल्यान्डको अकल्यान्डमा डाक्टर साइमनसहितको टोलीबाट शल्यक्रिया सफल भएको हो । अब डाक्टरको निगरानीमा पुनर्स्थापना अर्थात् (रिह्याब) प्रक्रिया शुरू हुने साम्बाले बताएकी छिन् । अस्ट्रेलियन 'ए' लिगमा न्युजिल्यान्डको विलिंटन फिनिक्सबाट खेल्दै आएकी साम्बा तीन महिनाअघि ब्रिसबेन रोअरविरुद्धको खेलमा घाइते भएकी थिइन् । उपचारका लागि ठूलो रकम लाग्ने भएपछि साम्बाले सामाजिक सञ्जालमार्फत् सहयोगको अपिल गरेकी थिइन् । कतारमा उपचार गर्ने प्रारम्भिक योजना रहे पनि खाडी क्षेत्रको अवस्थाका कारण न्युजिल्यान्डमै शल्यक्रिया गरिएको साम्बाले जानकारी दिइन् ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


**अर्थ/कर्पोरेट समाचार**

## सुन एकै दिन तोलामा १४ हजार ६ सयले बढ्यो




**पाल्पा,** चैत ११/ बुधबार सुनचाँदीको मूल्य बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुन तोलामा १४ हजार ६ सयले बढेको हो । सोही अवधिमा चाँदीको मूल्य पनि तोलामा चार सय १५ ले बढेको छ ।

छापावाल सुनको मूल्य प्रतितोला दुई लाख ८८ हजार ५ सय र त्यति नै परिमाणको सेतो धातुको मूल्य चार हजार ९ सय २० कायम भएको छ । मंगलबार छापावाल सुनको मोल प्रतितोला दुई लाख ७३ हजार ९ सय र त्यति नै परिमाणको सेतो धातुको मूल्य चार हजार ५ सय ५ कायम भएको थियो । गत सोमबार छापावाल सुनको मूल्य प्रतितोला दुई लाख ७५ हजार ५ सय र त्यति नै परिमाणको चाँदीको मूल्य चार हजार ४ सय २५ कायम भएको थियो भने आइतबार छापावाल सुनको मूल्य प्रतितोला दुई लाख ८२ हजार र त्यति नै परिमाणको चाँदी चार हजार ५ सय ४० मा कारोबार भएको थियो ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार बुधबार अन्तर्राष्ट्रिय बजारमा एक औंस सुन चार हजार ६ सय र त्यति नै परिमाणको चाँदी ७४ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई